# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

३२ साउन, २०७७

**कोभिड संक्रमितहरुको सूचना स्थानीय तहलाई उपलब्ध गराउन तथा नागरिकको स्वास्थ्यको अधिकार संरक्षण गर्न आग्रह ।**

देशमा कोभिड-१९को संक्रमण दिनप्रतिदिन बढ्दै गइरहेको अवस्थामा सबै स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरुलाई समयमै आवश्यक र यथेष्ट जानकारी गराउन आग्रह गर्दै राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको छ ।

आफ्नो इलाकाभित्रका कोभिड-१९ बाट संक्रमित भएका व्यक्तिहरुको सूचना जिल्ला जनस्वास्थ्य कार्यालय तथा स्वास्थ्य मन्त्रालयबाट प्राप्त हुन नसकेको कारण आफ्नो क्षेत्रभित्र कहाँ र के कति संख्यामा संक्रमितहरु रहेका छन् र परिवार तथा समुदायको संरक्षणको लागि के कस्तो पहल गर्नु पर्ने भन्ने जानकारी प्राप्त हुन नसकेको गुनासो कतिपय स्थानीय तहबाट प्राप्त हुन आएको छ । साथै, स्वास्थ्य मन्त्रालयका प्रवक्ताले हरेक दिन संक्रमणको अवस्था सम्बन्धमा जानकारी दिँदा काठमाडौं लगायत अन्य ठूला शहरको कुन क्षेत्र र व्यवसायका व्यक्तिहरुमा संक्रमण देखियो सो समेत स्पष्ट गर्दा स्थानीय तहहरुलाई थप सजगता अपनाउन मद्दत मिल्ने देखिन्छ ।

अतः संक्रामक रोग समुदायस्तरमा फैलनबाट रोक्न, आम नागरिकको स्वास्थ्यको अधिकार र भयरहित वातावरणमा बाँच्न पाउने अधिकार संरक्षणका लागि संवेदनशील हुन आयोग सबै स्थानीय तह तथा नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८१, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org